प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३–५४३८२०

वर्ष–१७ । । अङ्क : १४० ॥ २०८२ असार १५ गते आईतबार (29th June 2025 Sunday) **Pratidin** National Daily मूल्य–रु.५/–

# नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित

झापा(प्रस) । प्रतिनिधिसभाको शनिबारको बैठकबाट 'नेपाल नागरिकता (दोस्रो) विधेयक, २०८२' बहुमतले पारित भएको छ ।

बैठकमा गृहमन्त्री रमेश लेखकले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए । त्यसअधि शनिवार नै गृहमन्त्री लेखकले 'राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहितको नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव पेस गरेका थिए ।

उक्त प्रस्ताव पेस गर्दै गृहमन्त्री लेखकले नेपाली नागरिक आमाबाट जन्म भएका सन्तानले आमाकै नामबाट नागरिकता पाउने व्यवस्थालाई विधेयकमा प्रत्याभूति गरिएको बताए ।

'आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुनिश्चित गर्नका लागि यो विधेयक आएको छ । नागरिकतासम्बन्धी विषयमा विभिन्न समयमा



अदालतबाट भएका फैसलालाई यो विधेयकमार्फत कार्यान्वयनमा ल्याउन खोजिएको छ,' गृहमन्त्री लेखकले भने ।

वैदेशिक रोजगारमा गएका महिलाहरुले विदेशमा सन्तान जन्माउने तर नेपाल फर्किदा त्यस्ता सन्तानले नागरिकताविहीन हुनुपर्ने अवस्था नरहने उनको भनाइ छ । विधेयकमा 'नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिएबमोजिम स्वघोषणा गरेमा अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्नसक्ने' व्यवस्था राखिएको छ ।

त्यस्तै, १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एक जना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचयपत्र दिन सकिने व्यवस्था विधेयकमा राखिएको छ ।

विधेयकमाथिको छलफलका क्रममा सांसद प्रकाश ज्वालाले यो विधेयक पारित भएर कार्यान्वयनमा आएपछि आमाको नामबाट नागरिकता पाउने बाटो

## डिजे बजाई नाच्ने क्रममा करेन्ट लागेर मृत्यु

झापा(प्रस) । विहेमा डिजे बजाई नाच्ने क्रममा करेन्ट लागेर मोरङमा एक युवकको मृत्यु भएको छ । शनिवार बिहानको राति १;३० बजे मोरङ बिराटनगर १८ झटियाही बस्ने बिजय यादवका छोरा १७ वर्षीय अमित यादव सोही ठाउँका कन्हैया यादबकी छोरीको विवाहमा डिजे बजाई नाचिरहेका थिए । नाच्ने क्रममा अचानक डिजेको तारमा लड्न गई करेन्ट लागि उनी घाइते भएका थिए । उनलाई उपचारको लागि कोशी अस्पताल विराटनगरमा लगिएकोमा चिकित्सकले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । पोस्टमार्टमपश्चात् मृतकका बुबा बिजय यादवले शव बुझिलगेको प्रहरीले जनाएको छ ।

## कन्काईमा करेन्ट लागेर गाई मर्यो

झापा(प्रस)। झापाको कन्काईमा करेन्ट लागेर गाई मरेको छ ।

शनिवार बिहान ९:२५ बजे कनकाई नगरपालिका वडा नं. ५ बियर फ्याक्ट्रीनजिक पानी परिरहेको अवस्थामा सोही ठाउँ बस्ने देवु मण्डलको सेतो रंगको गाई बाटो छेउमा घाँस चर्ने क्रममा बिजुलीको पोलबाट अचानक करेन्ट प्रवाह भई गाईलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गाई घटनास्थलमै मरेको प्रहरीले जनाएको छ ।

गाईधनीले इलाका प्रहरी कार्यालय सुरुङ्गामा जानकारी गराउनसाथ प्रहरी बरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ ।

## सिटौलाको दवावपछि भद्रपुर-बिर्तामोड सडकखण्डको काम तीव्र

द्रोण अधिकारी

भद्रपुर । राष्ट्रिय सभा सदस्य तथा पूर्व उपप्रधानमन्त्री कृष्णप्रसाद सिटौलाले भद्रपुर-विर्तामोड सडक अन्तर्गत चन्द्रगढी खण्डको काम तीव्र गतिमा अगाडि बढाउन नियामक सडक विभाग, जिल्ला प्रशासन कार्यालय झापा र निर्माण ठेकेदारलाई आग्रह गरेपछि अलपत्र सडकको निर्माण थालिएको छ ।



भद्रपुर १० देउनिया खोलायता चन्द्रगढीसम्मको ३ किलोमिटर सडक विवादमा परेको भन्दै सडक विभाग तथा निर्माण ठेकेदारले काम नगर्दा अलपत्र परेपछि स्थानीय बासिन्दा समेत रहेका सिटौलाले वर्षौं निर्माण नभएको सडक अबिलम्ब निर्माण गर्न दवाव दिएपछि सडक निर्माण थालिएको हो ।

निर्माणस्थलमा खटिएका सडक विभाग दमकका इञ्जिनियर उज्वल खतिवडाका अनुसार असार मसान्तसम्ममा बेस ग्राभेलको काम सम्पन्न गर्ने गरी भद्रपुर-विर्तामोड सडकखण्डको देउनिया खोला पुलदेखि चन्द्रगढीसम्मको सडकको रेखाङ्कन क्षेत्रमा काम तीव्र पारिएको छ ।

इञ्जिनियर खतिवडाको भनाइमा यस पटक थपिएको म्याद अनुसार पौष मसान्तसम्ममा सडक निर्माण भइसक्ने छ । चन्द्रगढी क्षेत्रमा रहेको सडक विस्तारको विवाद समेत सुल्झिसकेका कारण अब सडक निर्माण कार्य समयमै पूरा हुने छ ।

यसैबीच सडक मिचेर घर टहरा निर्माण गर्नेहरूले भद्रपुर-विर्तामोड सडकखण्डको चन्द्रगढी क्षेत्रमा सडक विस्तार रोक्न दायर गरेको रिट निवेदन अदालतले खारेज गरेपछि निर्माण अलपत्र परेको सडक निर्माणको बाटो खुलेको छ ।

भद्रपुर-विर्तामोड सडकअन्तर्गतको चन्द्रगढीको लेखनाथ चौक पूर्व झण्डै एक किलोमिटर सडक बिस्तारमा बाधा सिर्जना गर्दै निर्माण कार्य रोक्न माग गरेर

## आगलागीमा बाख्रासहित ग्वाली जलेर नष्ट

झापा(प्रस) । झापाको अर्जुनधारा १० कालिस्थानमा आगलागी हुँदा करिव ४ लाख ५० हजारको क्षति भएको छ ।



शुक्रवार साँझ ५.२५ बजे गणेश चौलागाईको ग्वालीमा अचानक आगलागी भएको हो । आगलागीबाट ग्वाली र ग्वालीभित्र रहेका धान, मकै, कुटी काट्ने मेसिन, काठपात, घरनजिकै रहेको परालको कुन्यू र एउटा बाख्रा जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय बिर्तामोडमा जानकारी प्राप्त हुनसाथ अस्थायी प्रहरी पोस्ट सालबारीबाट प्रहरी टोली खटिएर स्थानीय र बिर्तामोड नगरपालिकाको दमकलको सहयोगमा साँझ ६:१० बजे आगो पूर्णरुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# धानको इतिहास तथा असार १५

- **इन्द्रप्रसाद ओली**

असार १५ अर्थात् राष्ट्रिय धान दिवस नेपाली किसानहरुको महत्वपूर्ण पर्व हो । असार १५ अगावै आउने भूमिराजका दिन भूमि पुजन गर्ने त्यस दिन खनजोत नगर्ने र असार १५ गतेबाट धान रोप्ने विशेष दिन हो।

नेपालका किसान दाजुभाइहरुले यसलाई सनातनदेखि नै पर्वको रुपमा मनाउँदै आएको इतिहास छ । सन २००४ मा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय धान दिवसको प्रस्ताव पारित गरेपछि विश्वभरिकै राष्ट्रले राष्ट्रिय दिवसको रुपमा धान दिवस मनाउने गरेका हुन् ।

१७ वर्षअघि नेपाल सरकारले पनि यस दिनलाई औपचारिक रुपमा धान दिवस घोषणा गरी मनाउन थालेपछि त यस दिनले थप चर्चा-परिचर्चा पाउने गरेको पाइन्छ ।

धान वाली नेपालको मुख्य खाद्य वालीको रुपमा रहेको यहाँको इतिहास, सभ्यता र संस्कृतिसँग गाँसिनुका साथै जीवनयापनको अभिन्न अंग रहेकाले नै असार १५ वा धान दिवस एक उत्सवका रुपमा रहेको हो ।

विशेषतः गरेर यस दिन मौलिक नौमती बाजा बजाएर भूगोल क्षेत्र अनुसारका असारे गीत गाई धान रोप्ने चलन चलिआएको छ । पूर्व , मध्य , उपत्यका , पश्चिम र सुदूरपश्चिमका अलग अलग भाकामा असारे गीत गाउँदै रोपाहारहरुले रोप्ने , हातमा कोदाली लिएर छेउकुना मिलाउँदै आली चिल्ला बनाउँदै सम्याउने बाउसेले , कोही दादे लगाउने, जोत्ने , कोही व्याडमा बीउ काड्ने, थकाइ मेट्न रमाइलो गर्न एक अर्कामा हिलो पनि छ्याप्दै लोक लयमा गीत गाउँदै बडो उत्साहका साथ धान रोप्ने चलन छ ।प्रायः पूर्वीतिर रोपाहारहरु यस भाकामा असारे गीत गाउने गरेको पाइन्छ ।

धानलाई रोप्नु छुमुमा छुमु हातैमा बीउ दिउला ।
अरुलाइ दिउला बोली र वचन तिमीलाइ जिउ दिउला ।
भारो र पर्म साथी र संगी आपसमा मिलेको ।
याद आउन थाल्यो दवदबे हिलो धान रोपी हिडेको ।
गाइको दाम्लो भैंसीको दाम्लो किलोको किलै छ।
अलैची दाना बाँडौला भन्थे हात मेरो होलै छ ।

आदि आदि तुक्का मिलाएर दोहोरी खेल्ने बेठी गीत स्वर ताल धुनमा नाच्ने खलो गरोमा पुगेपछि विचमा बीउको मुठो नै राखेर नाच्दै रोप्ने एक मौलिक संस्कृति नै हो नेपालको धान रोप्ने चलन ।

यसरी परम्परादेखि आज आधुनिक युगमा आइपुगेका छौ

धानसँग सम्बन्धित विविध विषयलाई उजागर गर्नुका साथै यसको महत्वलाई अझ दर्शाउन तथा सबैको ध्यान किसानतर्फ आकर्षित गर्न सक्नु आजको आवश्यकता रहेको छ। किसानहरु प्रोत्साहित हुन भन्ने उद्धेश्यले नै होला सायद नेपाललगायत एसियाका विभिन्न देशमा धान बचाऔं अभियान सशक्त रुपमा अगाडि बढ्दै गएको पाइन्छ ।राष्ट्रिय धान दिवस घोषणा गर्नुको मुख्य कारण पनि यहि हो ।

यसरी असार १५ वर्षाको सुरुवात्, मुख्य वाली धानको रोपाइँका साथै हाम्रो संस्कृति र सभ्यतासँग गाँसिएको महत्वपूर्ण दिन हो । सबैभन्दा मिठोमानीले खाद्यान्न धानको रोपाइँ खुशी र आनन्द अभिव्यक्त गर्ने एक सांकेतिक र सांस्कृतिक पर्वको रुप असार १५ हो ।

अहिले कृषि छाडेर शहर बजार देश विदेश जहाँ भए पनि हामी सबैको मानसपटमा बालापन वा युवा अवस्थाका मीठा सम्झनाहरु नविर्सनेगरी रहेका छन् । असार १५ भनेपछि दहि , चिउरा , कोला आँप आदि खाएको, हिलोमा खेलेको या रोपाइँ गीत गाएको प्रायः हामीमध्ये सबैलाई याद आउँछ त्यसैले होला कृषिप्रधान तथा कृषकहरुको बाहुल्यता भएको नेपालमा आज पनि असार १५ को रौनकता र चर्चा किसानमा मात्र सीमित नभई सम्पूर्ण नेपालीमा छाउने गरेको छ ।

तर, समय परिवर्तन भएको छ । त्यो रौनक, आनन्द र महिमा कम हुँदै छ । खेतीसँग गाँसिएको जनसंख्या घट्दो छ । खेती किसानीमा रमाउने र रोपाइँ गर्दैको बेला वाली भित्र्याउने समय सम्झदै रमाउने माहोल पनि कम भएको छ । धानको महत्व र भातलाई प्रतिष्ठा मान्ने प्रचलन पनि हट्दै छ । अझ असारे भाका, हिलो खेल्न र दहि चिउरा खान रमाउने प्रचलन पनि कम हुँदै गएको अवस्थामा धान दिवस केही हदसम्म राहत पुगेको छ ।

मौसम फेरबदल, जलवायु परिवर्तन जस्ता कारण हाम्रो वर्षा असार १५ कै आसपासमा सुरु हुनुभन्दा पनि केहि अघि वा पछि सरेकोले महत्वपूर्ण रहेको असार १५को दिनले पनि उकाली र ओराली बेहोर्न बाध्य छ । अझ हाम्रो मुख्य खाद्य वाली धानखेतीसँग जोडिएका चुनौतिहरुको त पहाड नै बनेको अवस्था छ ।

असार १५ को चर्चा गरिरहँदा विभिन्न जिल्लामा भइरहेको मल, बीउ तथा सिंचाइको अभावका बारे पनि ध्यान जान सकेको अवस्था छैन । आज १८ औं धान दिवसमा आइपुग्दा पनि समस्या ज्युँका त्यही हुनु मान्यगणहरु धानका बीउका माला लगाएर अतिथि बन्ने दृष्य र चाहिनेभन्दा यथार्थभन्दा नाटकीयरुपी कार्यक्रमले किसानको सम्मान हो वा अपमान र हाँस्यास्पद हो भन्ने विषयहरु आउने गरेको छ ।

हामी अपेक्षा गरौ यी यस्ता असभ्य विकृति न्यूनीकरण होस् , किसानमा उत्प्रेरणा हौसला र मल बीउ सिंचाइ खेती गर्न समयानुकूल आधुनिक औजार सहुलियत होस् । खाली जमिन र बाझो जग्गा राख्नेलाई निरुत्साहित गर्न सकियो । पढेलेखेका युवाहरुलाई कृषिमा आकर्षित गर्न सकियोस् यहि कामना रहोस् हामी सबैको ।

धानको इतिहासलाई हेर्दा धानको उत्पति र खेतीको पहिलो अभ्यासको वास्तविक समयबारे एकिन नभएपनि एसियामै मानव सभ्यता र खेतीपातिको विकासक्रम धानखेतीसँग जोडिएको पाइन्छ । हाम्रा सनातन शास्त्रमा समेत धान चामलको कुरा र नेपालको मुख्य खाना भात भन्ने उल्लेख गरेको पाइन्छ ।

धानखेतीको प्रारम्भ लगभग ६ हजार बर्षअघि एसियाको हिन्दकुश हिमालयको फेदमा भएको मानिन्छ । धानखेती एसियामा खेती प्रणालीसँगै भित्रिएको दीगो बाली हो । त्यसैले एसियाली सभ्यता धानको खेतीको सुरुवातसँगै अगाडि बढेको पाइन्छ । एसियाको निधिका रुपमा रहेको धानको नेपाल र भारतमा आर्यन सभ्यताको विकास भएकै समयमा खेती गरिएको इतिहास पाइन्छ । यसका साथै पूर्वी एसियामा पनि धान आजभन्दा करीव ३ हजार बर्षअघि नै खेती गरिएको इतिहास रहेको जानकार हरुले बताउने गरेको पाइन्छ।

विस्तारै मध्य एसिया र यूरोपमा फैलिएको यो वाली युरोपमा लगभग २ हजार बर्षअघि र अमेरिकामा ३ सय बर्षअघि मात्रै सुरु भएको मानिन्छ ।

आज असार पन्ध्र मनाइरहँदा मुख्य तया तीन विषय हाम्रो सामु प्रमुख रहेका छन् । एक नेपालको सन्दर्भमा असार पन्ध्रको महिमा र यस विशेष दिनको महत्व । दोस्रो किसान अधिकार र यस दिनले उठाएका किसानका सवालहरु । तथा तेस्रो हाम्रो सभ्यता र संस्कृतिको रुपमा रहेको निधि मुख्य खाद्यवाली धान । अहिले आएर असार १५ पर्यटकीय पर्वको रुपमा समेत विकसित हुँदै गएको छ । हिलोमा रेसलिङ खेलेका, स्कुल र कलेजका विद्यार्थीले हिलो खेलेका तथा विदेशी पर्यटकहरु समेत यस दिनमा धान रोपाइँमा सरिक भएका र हिलो खेलेका तस्वीरले हाम्रो असार १५ रँगिने गरेको छ । यो खुशीकै कुरा भए पनि हामीले र मुख्यगरी किसानले मनाउने असार पन्ध्रको उद्धेश्य त्यतिमात्र होइन । हामी त्यसैमा रमेमा र गहनरुपमा नसोचे पछिल्ला केही वर्षमा देखिएझै असार १५मा अझ विकृति र विसंगति भित्रने, यो उल्लास र संघर्षको दिन भन्दा पनि एक काण्डको दिन बन्ने र हाम्रो बहस कृषि क्षेत्र, किसान, धान संस्कृतिबाट विमुख हुनेमा कुनै शंका छैन ।

त्यसैले आजका दिनमा हामीले कसरी नेपालको संस्कृति, खेतीपाति र धानको महिमासँग जोडिएको छ भन्नेबारे विश्लेषण गर्ने तथा आजको आवश्यकता, प्रतिकुलता र अवसरकाबारे छलफल र बहस चलाउन आवश्यक छ । असार १५ ले हामीलाई हाम्रो परिवेश र यहाँको इतिहासको बारेमा बताउँछ ।

त्यसैगरी यस दिनलाई किसान अधिकार दिवसको रुपमा पनि मनाइरहँदा के हाम्रो देशका बहुसंख्यक साना किसानका अधिकार प्राप्त भएका छन् या छैनन् यसतर्फ पनि ध्यानाकर्षण गर्न जरुरी छ । किसान अधिकार र खाद्य अधिकार बिना आधार भूत मानव अधिकार , आर्थिक तथा सामाजिक सांस्कृतिक अधिकार, महिला अधिकार तथा ग्रामीण

❖ बाँकी तेस्रो पृष्ठमा

# झापा सुपर कप इजरायल-२०२५ हुने

झापा । झापा सुपर कप इजरायल हुने भएको छ। इजरायलमा रहेका नेपालीभाषी समुदायलाई खेलकुदको माध्यमबाट एकताबद्ध गर्ने लक्ष्यसहित झापा सुपर कप इजरायल-२०२५ हुने भएको हो।
इजरायलमा पत्रकार सम्मेलन गर्दै आयोजक क्लब झापा एफसी इजरायलका संस्थापक अध्यक्ष खेमराज जम्मरकट्टेलले प्रतियोगिताको टाइटल स्पोन्सर झापाली समाज इजरायलको तर्फबाट अध्यक्ष मुना अधिकारीबाट च्याम्पियन ट्रफी तथा पहिलो पुरस्कार आयोजकलाई हस्तान्तरण गरिएको जानकारी दिए।

पत्रकार सम्मेलनमा कप र मेडलको सार्वजनिक, खेलतालिका र प्रतियोगिता सञ्चालनका नियमबारे जानकारी गराइएको छ। प्रतियोगिता जुलाई १८, २०२५ मा आयोजना हुने छ।
प्रतियोगितामा इजरायलमा सक्रिय ८ वटा नेपाली भाषी फुटबल क्लब सहभागी हुनेछन्। जसमा झापा एफसी इजरायल, कायापलट एफसी, केवाईसी एफसी, राईजिङ स्टार एफसी, मनिपुर गोरखा एफसी, सेभेन स्टार हाईफा, युनाइटेड दार्जिलिङ र लायन तेलअविव एफसी रहेका छन्।

प्रतियोगिताको विजेता टिमलाई १० हजार ५ सय सेकल झण्डै नेपाली ४ लाख ५० हजार रुपैयाँ, ट्रफी र मेडल प्रदान गरिनेछ भने दोस्रो हुने टिमले ५ हजार ५ सय (नेपाली २ लाख ५० हजार रुपैयाँ)सहित ट्रफी र मेडल प्राप्त गर्नेछन्। यस्तै, उत्कृष्ट खेलाडी, गोलकिपर, डिफेन्डर, टप स्कोरर, एमभिपि, राईजिङ स्टार लगायत विभिन्न विधागत पुरस्कारहरू पनि प्रदान गरिने छन्। खेलकुदको प्रवर्द्धनसँगै सामाजिक उत्तरदायित्व निर्वाह गर्दै झापा एफसी इजरायलले इजरायलमा स्थापित गोरखा क्रिकेट क्लबका संस्थापक अध्यक्ष राजु रिजाललाई १५ सेट जर्सी हस्तान्तरण पनि गरेको छ।

# एसईईमा झापाबाट ६५.७४ प्रतिशत विद्यार्थी उत्तीर्ण



झापा(प्रस) । २०८१ सालको माध्यमिक शिक्षा परीक्षा(एसईई) मा झापाबाट ६५.७४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । देशभर भने ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । झापामा ३.६० देखि ४ जीपीएसम्म १५२८ जना अर्थात १०.०५ प्रतिशत , ३.२० देखि ३.६० जीपीएसम्म ३४३२ जना अर्थात २२.५८ प्रतिशत ,२.८० देखि ३.२० जीपीएसम्म ३३०५ जना अर्थात २१.७५ प्रतिशत , २.४० देखि २.८० जीपीएसम्म १५८३ जना अर्थात १०.४२ प्रतिशत , २ देखि २.४० जीपीएसम्म १४३ जना अर्थात ०.९४ प्रतिशत उत्तीर्ण भएका छन् ।
त्यस्तै ननग्रेडेड ५२०६ जना अर्थात ३४.२६ प्रतिशत रहेको शिक्षा विकास तथा समन्वय इकाइ झापाले जनाएको छ ।

# रोयल पेन्टसद्वारा पूर्वी नेपालका डिलरहरुसंग अन्तरक्रिया




बिर्तामोड(प्रस) । देशभरि बजार विस्तारको क्रममा रहेको रोयल पेन्टसले पहिलो पटक पूर्वी नेपालका डिलरहरुसंग भेटघाट तथा अन्तरक्रिया गरेको छ ।
बिर्तामोडमा एक कार्यक्रम गरी रोयल पेन्टसले आफ्ना उत्पादका बारेमा जानकारी गराउँदै डिलरहरुको गुनासो सुनेको हो । सन् २०१० मा चितवनको भरतपुरमा रोयल पेन्टस् कम्पनी स्थापना भएको हो । गत माघ महिनादेखि रोयल पेन्टसले डिस्ट्रिव्यूटर राखेर साविक मेची अंचलमा आफ्नो बजार विस्तार गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि रोयल पेन्टसका प्रवन्ध निर्देशक परमेश्वर भण्डारीले नेपाली उत्पादन भनेपछि अरुचि नदेखाउन ग्राहकलाई आग्रह गर्दै स्वदेशी उत्पादनहरुलाई माया र प्रोत्साहन गर्न आग्रह गरे । उनले रोयलले वाटर बेस र वाल बेस गरी दुवै प्रकारका रंगहरु बजारमा ल्याएको जानकारी दिए । कार्यक्रममा रोयल पेन्टसका कन्ट्री मेनेजर विकास भट्टराईले पनि आफ्ना कम्पनीका विशेषताहरुका बारेमा प्रकाश पारेका थिए ।कार्यक्रममा विभिन्न डिलरहरुले जिज्ञासा राखेका थिए ।
नेरोलक ट्रेडर्सका मिलन शिवाकोटीको अध्यक्षतामा भएको कार्यक्रममा मंगल स्टोर बुधवारेका गोपाल सापकोटा , मंगलदीप सप्लायर्स चारआलीका मोहन अधिकारी , पाठक कलर हाउस बिर्ताबजारका भक्ति पाठक , सोमनाथ ट्रेडर्सका हरि घिमिरे , श्रीराम इन्टरप्राइजेजका तिलक पौडेललगायतले आ-आफ्ना जिज्ञासा राखेका थिए । कार्यक्रमको संचालन कोपिला बजगाईले गरेकी थिइन् ।

# बिर्तामोडका विद्यालयमा ट्राफिक सचेतना शिक्षा

झापा(प्रस) । चालू आर्थिक वर्ष सवारी दुर्घटनामा परी झापामा ८३ जनाले ज्यान गुमाए । जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको तथ्याङ्क अनुसार जिल्लाका विभिन्न स्थानमा १७ सय बढी सवारी दुर्घटना हुँदा ८३ जनाको मृत्यु भएको हो ।

सवारी दुर्घटनामा परी मृत्यु हुने अधिकांश मोटरसाइकल चालक रहेका छन् । दुर्घटनामा १५ देखि ४० वर्ष उमेर समूहका धेरैले ज्यान गुमाएसंगै सवारी दुर्घटना रोक्न झापामा विद्यार्थी केन्द्रीत कार्यक्रम शुरु भएको छ ।
सवारी दुर्घटना न्यूनीकरण गर्ने मुख्य उद्देश्यले बिर्तामोड नगरपालिकाले नगरमा सञ्चालित सामुदायिक, धार्मिक र संस्थागत विद्यालयमा एकैसाथ ट्राफिक सचेतना शिक्षा कार्यक्रम अघि बढाएको हो ।
ट्राफिक सचेतना र सडक सुरक्षा सम्बन्धी बिद्यार्थीलाई जानकारी दिने उद्देश्यले शनिवार नगरका विद्यालयका



प्रधानाध्यापक तथा सामाजिक विषय अध्यापन गराउने शिक्षकलाई प्रशिक्षण प्रदान गरिएको छ । बिर्तामोड नगरपालिका र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको सहकार्यमा अन्तु मिडिया प्रा.लि.ले कार्यक्रम आयोजना गरेको थियो । सो कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्रले सबै विद्यालयमा विद्यार्थीलाई अनिवार्य रुपमा ट्राफिक सचेतना र सडक सुरक्षाका विषयमा जानकारी दिनु पर्ने बताए ।
शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख तिलचन भण्डारीले स्थानीय पाठ्यक्रममा पनि ट्राफिक सचेतना शिक्षा उल्लेख भएको र पाठ्यक्रममा नै समावेश उक्त विषयलाई ट्राफिक प्रहरीसंगको सहकार्यमा हरेक विद्यालयमा ट्राफिक सचेतना शिक्षा अनिवार्य प्रदान गर्नु पर्ने धारणा राखे । उनले त्यसका लागि आवश्यक परे नगरपालिकाले समेत सहजीकरण गर्ने बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक गणेश पौडेलले सहजीकरण गरेको कार्यक्रममा बिर्तामोड नगरपालिकाभित्र सञ्चालित सबै विद्यालयका प्रधानाध्यापक तथा सामाजिक विषय अध्ययन गराउने शिक्षकको सहभागिता रहेको थियो । सञ्चारकर्मी केशव भट्टराईले सञ्चालन गरेको कार्यक्रममा सहभागी शिक्षकले आ -आफ्नो विद्यालयमा अनिवार्य रुपमा विद्यार्थीलाई ट्राफिक सचेतना र सडक सुरक्षाका विषयमा जानकारी गराउने प्रतिवद्धता जनाए ।

पत्रकार सुरेन्द्र भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा देवी माध्यमिक विद्यालयकी प्रधानाध्यापक अम्विका श्रेष्ठले कार्यक्रम प्रभावकारी भएको र हरेक विद्यालयमा ट्राफिक प्रहरीको उपस्थितिमा ट्राफिक सचेतना शिक्षा सञ्चालन गर्न जरुरी रहेको बताइन् । कार्यक्रममा सहभागी शिक्षकलाई ट्राफिक शिक्षकका रुपमा छनौट गर्दै उनीहरुलाई प्रमाणपत्र समेत प्रदान गरिएको थियो ।

## मिसन युएसएको दुईवटा शाखा एकैपटक बिर्तामोडमा

बिर्तामोड(प्रस) ।शैक्षिक परामर्शदाता संस्था मिसन युएसएले एकै पटक बिर्तामोडमा दुई वटा शाखा संचालन गरेको छ । काठमाण्डौमा प्रधान कार्यालय रहेको मिसन युएसए एजुकेशनल कन्सल्टेन्सी प्रालिले बिर्तामोडको मेगा कम्प्लेक्स र हनुमान सेन्ट्रलमा शाखा कार्यालय स्थापना गरेको हो ।
शनिबार पत्रकार सम्मेलन आयोजना गरि संस्थाले विद्यार्थीको मागलाई ध्यानमा राखेर एकै पटक दुई वटा शाखा स्थापना गरिएको मिसन युएसएका संस्थापक सीइओ सञ्जय घिमिरेले जानकारी दिए । सन् २००८ मा काठमाण्डौको डिल्लीबजारमा कार्यालय स्थापना गरी सञ्चालनमा आएको मिसन युएसएको काठमाण्डौमा २ र चितवनमा एउटा शाखा रहेको उनले बताए ।
बिर्तामोडका दुवै कार्यालयको आज आइतबार उद्धाटन गरिने व्यवस्थापक उज्वल गौतमले बताए । कार्यक्रममा डा. रुपक खनाल र अञ्जना बराइली अतिथि रहेको उनले जानकारी दिए । विशेष गरी अमेरिका अध्ययन गर्न जाने विद्यार्थीहरुलाई परामर्श दिन कार्यालय सञ्चालन गरिएपनि सबै विद्यार्थीको अमेरिकामा भिसा नलाग्ने भएकाले मिसन युएसएले अष्ट्रेलिया र युकेका लागि समेत परामर्श र सहजीकरणको काम गर्दै आएको घिमिरेले बताए ।
उद्घाटनको अवसरमा नयाँ विद्यार्थीहरुलाई २ हजार रुपैयाँमा आइएलटीएसको कक्षा गराइने र यो अफर केहि दिन चल्ने इञ्चार्ज कमल सिग्देलले जानकारी दिएका छन् ।

# अरिदमन गणको स्वास्थ्य शिविरबाट ६३९ जना लाभान्वित

मेचीनगर(प्रस) । चारआली व्यारेकस्थित नेपाली सेनाको अरिदमन गणको आयोजनामा एक दिने निःशुल्क स्वास्थ्य शिविर मेचीनगर -२ बुद्धचोकस्थित मेची जनसाधारण माध्यमिक विद्यालयमा सम्पन्न भएको छ ।

शिविरमा ४३७ महिला र २०२ जना पुरुष गरी ६३९ जना लाभान्वित भएका छन् । शिविरमा २७० जनाले आँखा, १७ जनाले छाती, ६१ जनाले गाइनो, १८९ जनाले अर्थो र १०२ जनाले नाक, कान र घाँटीको उपचार गराएको जनाइएको छ ।

नेपाली सेना तथा जिल्लास्थित विभिन्न अस्पतालहरुमा कार्यरत चिकित्सकलगायत दक्ष स्वास्थ्यकर्मीहरुबाट साधारण




स्वास्थ्य परीक्षण, स्त्री तथा प्रसुती रोग, मानसिक रोग, नाक, कान, घाँटी, आँखा र अन्य रोगका बिरामीहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको अरिदमन गणका प्रमुख सेनानी प्राजु बस्न्यातले जानकारी दिए । गणपति बस्न्यातले विभिन्न जनमुखी सेवा अन्तरगत नै यहाँ पनि स्वास्थ्य सेवा प्रदान गरिएको बताए ।सदरमुकाम तथा शहरी क्षेत्रबाट टाढा रहेका र सुबिधासम्पन्न अस्पताल एवं स्वास्थ्य सेवाको अभाव रहेको उक्त गाउँका स्थानीयहरुलाई विभिन्न रोगहरु सम्बन्धी निःशुल्क सेवा तथा मनसुनजन्य रोग, हाईजिन एण्ड सेनिटाइजेसनलगायत सर्पदंश सम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको उक्त शिविर लाभदायक र प्रभावकारी रहेको गणपति बस्न्यातले जानकारी दिए । गत वर्ष अरिदमन गणले मेचीनगरको वडा नम्बर ३ मा यस्तै शिविर आयोजना गरेको थियो ।शिविरमा श्री नं. २१ फि.ए. गुल्मको डा. अधिकृत, पारामेडिक्स , मेचीनगर नगरपालिका २ नं वडा कार्यालय, नेपाल औषधी व्यवसायी संघ झापा, पूर्वाञ्चल क्यान्सर अस्पताल, कन्काई अस्पताल प्रा.लि., एरिष्टो फर्मास्युटिकल्स प्रा.लि., सिदार्थ फर्मास्युटिकल्स प्रा.लि., एनएमएसआरए झापा , सन फर्मास्युटिकल प्रा.लि., संजिवनी मुटु अस्पताल, मेची आँखा अस्पताल, त्रिवेणी फर्मा प्रा.लिको समन्वय रहेको थियो ।


## सदस्यता नवीकरण सम्बन्धी अत्यन्तै जरुरी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८२।०३।१३**

नेपाल अलैंची व्यवसायी महासंघ बिर्तामोड झापाको आसन्न ५औं अधिवेशनको प्रयोजनका लागि सदस्यता नवीकरण कार्यक्रम २०८२ असार मसान्तसम्म रहेकाले आफ्नो फर्म/उद्योगको सदस्यता नवीकरण गर्न हुन सबै साधारण सदस्यज्यूहरुमा सूचनासहित अनुरोध गर्दछु ।

**अनिलप्रसाद ढुंगाना**
कार्यकारी अधिकृत
नेपाल अलैंची व्यवसायी महासंघ (९८५२६७११५५)


## सिटौलाको...

सडक मिचेर बनाएका घरटहराका मालिक समेत रहेका स्थानीयले दायर गरेको रिट सर्वोच्च अदालतले खारेज गरिदिएको हो ।
रिट खारेजपछि भद्रपुर-१० को लेखनाथ चोकदेखि भैरे चोकसम्म पूर्ण रूपमा रोकिएको सडक निर्माण कार्य सुचारू गर्न बाटो खुलेको हो ।

भद्रपुर-विर्तामोड सडकअन्तर्गत गरामनी-चन्द्रगढी खण्डको ८.४१ किलोमिटर सडक निर्माणको ठेक्का २०७७ माघ ६ गते संझौता भएको थियो ।

काठमाडौंको एमएस कन्टेक प्रालिले २०८० साल साउन ५ गते अर्थात् ३० महिनामा बिर्तामोड-भद्रपुर सडक निर्माणको काम सम्पन्न गर्नुपर्ने सम्झौता भए पनि त्यस अवधिभित्र करिब ३० प्रतिशतमात्र काम सम्पन्न भएको थियो ।त्यसपछि पटक पटक गरी सडक डिभिजन कार्यालय दमकले गत वर्षको फागुन ६ गतेसम्म म्याद थप गरेको थियो । पटक-पटक गरिएको म्याद थपबाट पनि कन्टेक प्रालिले काम पुरा नगरेपछि कञ्चन निर्माण सेवाका प्रोप्राइटर केदार गिरीले बाँकी रहेको काम गर्ने गरी पेटी कन्ट्याक्टमा जिम्मेवारी लिएर काम गरिरहेका छन् । उक्त सडक भ्याटसहित ५८ करोड २ लाख २८ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको थियो ।

सडक निर्माण रोक्न मुद्धा परेपछि चन्द्रगढीको लेखनाथ चौकयता निर्माणको कुनै पनि काम भएको छैन भने लेखनाथ चौक उत्तर देउनिया खोला पुलसम्म सडक फराकिलो बनाउने, माटो भर्ने र नाला बनाउने काम सुरू भए पनि सुस्त गतिमा चलिरहेका कारण स्थानीयले सास्ती भोग्नु परिरहेको छ । दुर्घटनाको जोखिम समेत बढिरहेको स्थानीयको गुनासो छ ।

यस गुनासोबारे जिज्ञासा राख्दा इञ्जिनियर खतिवडा विगतमा देखिएका कमजोरी अब नदोहोरिने बताउँदै पछिल्लो पटक थप गरिएको म्यादका कारण समग्र सडकको निर्माण प्रगति ७१ प्रतिशत पुगेको दाबी गर्छन् । उनले अन्तिम पटक थपिएको २०८२ पौष मसान्तभित्रै सबै काम पूरा भएरै छाड्ने समेत ठोकुवा गरेका छन् ।

## नागरिकता...

खुल्ने विश्वास व्यक्त गरे । वास्तविक नेपाली नागरिक नागरिकता पाउनबाट बञ्चित हुन नपरोस् र गैरनागरिकले कुनै पनि अवस्थामा नागरिक नपाओस् भनेर कानुनी व्यवस्था गर्न यो विधेयक महत्वपूर्ण हुने सांसद ज्वालाले बताए ।
सांसद ज्वालाकुमारी साहले राष्ट्रिय सुरक्षा, एकता र सम्प्रभुतामा असर नपर्ने गरी नागरिकतासम्बन्धी व्यवस्था गर्न यो कानुन आवश्यक रहेको बताइन् । त्यस्तै, नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेको अवस्थामा त्यस्ता अभिभावकबाट जन्मेका सन्तानले आमाको नामबाट नेपाली नागरिकता लिन चाहेमा त्यस्ता नागरिक अब नागरिकताविहीन हुनुपर्ने अवस्था हट्ने उनको भनाइ छ ।
सांसद प्रेम सुवालले सीमा क्षेत्रका नागरिकले जहिल्यै नागरिकतासम्बन्धी समस्या भोग्नु परेको बताउँदै यसमा विधेयकमार्फत स्पष्ट व्यवस्था ल्याइनुपर्ने बताए । आमाको नामबाट नागरिकता दिने व्यवस्था राम्रो भए पनि बाबुको खोजी गर्न आवश्यक रहेको धारणा उनले राखे ।
सांसद रामकृष्ण यादवले यो विधेयक पारित भएर कार्यान्वयनमा जाँदा नागरिकतासम्बन्धी अहिले देखिएका समस्या समाधान हुने विश्वास व्यक्त गरे । तराईका जिल्लामा नागरिकतासम्बन्धी समस्या धेरै रहेको उल्लेख गर्दै उनले नागरिकताविहीन व्यक्तिहरु राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था रहेको बताए । यो विधेयकमा राखिएका व्यवस्थाले त्यस्ता व्यक्तिको समस्या समाधान गर्ने सांसद यादवको भनाइ थियो ।
सांसद रञ्जुकुमारी झाले आमाको नामबाट नागरिकता दिन मिल्ने भनेर सर्वोच्च अदातलले दिएको आदेशको नजिर कार्यान्वयन हुने गरी यो विधेयक आएको बताए ।

सांसद चित्रबहादुर केसीले नागरिकताको विषयमा सदनमा धेरै छलफल र विमर्श भएको भए पनि भारतसँगको खुला सीमाका कारण देखिएको नागरिकतासम्बन्धी विवाद र समस्यालाई यो विधेयकले समाधान गर्न नसक्ने भन्दै चिन्ता व्यक्त गरे ।
विधेयकमाथि सांसदहरु रुपा सोशी चौधरी, शेरबहादुर कुँवर, माधव सापकोटा, मुक्ताकुमारी यादव, नारायणी शर्मा, पूर्णबहादुर घर्ती, भगवती चौधरी, अमृतलाल राजवंशी, कान्तिका सेजुवाल, सुशिला थिङ, अमृतादेवी अग्रहरीलगायतले आफ्नो धारणा राखेका थिए ।


## जलवायु परिवर्तनको असरबाट जोगिऔं

जलवायु परिवर्तनका असरः
- हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,

तापक्रममा वृद्धि हुने,
- जलवायु परिवर्तनबाट बन्नः
- नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- रूख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारी साधनको प्रयोग नगरौं
- जलवायु शिक्षामा जोड दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## प्रिय कर्णाली



नवराज महतारा

प्रिय कर्णाली ! तिमी लामो भयौ
तर कहिल्यै मोटो भएनौ
किनकि
तिमी सभ्यता, संस्कृति र भाषाकी जननी हौ
तिम्रा विगत चुसेर लिने तामाम भए
तर आज बुझेर दिने कोही भएनन्
त्यसैले त,
तिम्रो ओजन घट्दो छ
तिम्रो कद चढ्दो छ

यानेकि,
तिम्रो कलकल बग्ने निश्चलतामा
मानव सभ्यताको इतिहास छ
बाइसे चौबीसेको विराज छ
आज पनि विभिन्न स्वरुपमा तिमीमाथि
लोकतन्त्रको नाकाबन्दी मात्र छैन
प्रोटिन, कार्बोहाइड्रेट, भिटामिन
जस्ता पोषणको सिन्डेकेट छ
लोक लय मिलाउँ भने
प्रिय कर्णाली !

तिमीमा समावेशी नेपाल लक्षणको
घातक रोगले गाँजेको छ
चेक गराउँ, ल्याब छैन
उपचार गराउँ, अस्पताल छैन्
अखबारमा रंगिएका गोरुमुते अक्षरले
नामकरण गरेको तिम्रो पहिचान
अज्ञानता, अभाव र पछौटेपन शिवाय केही छैन
धेरै व्यवस्था फेरिए तर तिम्रो
आगो सट भयो
जुगेलो प्यान्ट भयो
कोट ज्याकेट भएर आयो
घाग्रो पेटिकोट भएर आयो
समय बढ्दै गयो, तिम्रो कद घट्दै गयो
त्यसैले त लोकउक्ति तय भयो होला
'लडो बाढी आयोः देउता छाडी आयो'
प्रिय कर्णाली !

१८४६ को एकीकरण नामको प्रकोपले
हिउँदको दुल्लु र वर्षाको हल्जी मात्रै हरेन
तिम्रा सन्ततिले दुःखले आर्ज्याको
नाम, दाम, काम र इमानको तर्पण भयो
हरेक परिवर्तनमा बलिदान समपर्ण भयो
तर पनि प्रिय कर्णाली !
लोकतन्त्र, गणतन्त्र.... जे तन्त्र आओस्
काट्टोले छाक टार्नु
तिम्रो विवशता भनौँ या बिडम्बना
न स्वतन्त्रता पायौं, न स्वनिर्णय
बस्, तिमी असली, मर्यादा पालक भयौं
राज्यका अवसर अघि दर्शक बन्नु
तिम्रो जन्मसिद्ध बिल्ला हो
नेपालका गोर्खालीले फालेको अनुदान
तिम्रो आहार हो

सबैको विकर्षण तिम्रो आकर्षण हो
त्यसैले पो तिमी
वौद्धिकता भएको भुद्धु
प्रमाण–पत्र भएको निराक्षर
ज्यान भएको ख्याउटे
क्षामता भएको अदक्ष
ऋाज उप्रान्त प्रमाणीत छौ
त्यसैले म भन्दै छु
प्रीय कर्णाली !
तिमि लामो भयौं,
तर कहिल्यै मोटो भएनौं,
किनकि,
तिमी सभ्यता, संस्कृति र भाषाकी जननी हौं,
तिम्रा विगत चुसेर लिने तामाम भए
तर आज बुझेर दिने कोही भएनन्
बस,
तिम्रा विगत चुसेर लिने तामाम भए
तर आज बुझेर दिने कोही भएनन् ।

# असार १५ धान दिवस – परम्परादेखि प्रदर्शनसम्म



• शान्तिराम बस्नेत

नेपाली पात्रोको असार महिनाको १५ गते पानी परेका बादलले आकाश ढाकेको हुन्छ । हरियाली डाँडाका छेउमा मानिसहरू धान खेतमा व्यस्त हुन्छन् । यो त्यो दिन हो जुन हाम्रो कृषि संस्कृतिको मेरुदण्ड बनेको छ । तर आजको यो दिनले के साँच्चै त्यही पुरानो गरिमा बोकेको छ जुन हाम्रा पुर्खाहरूले दिएका थिए? यो प्रश्न हामी सबैले सोच्नुपर्ने बेला भएको छ ।

**धान दिवसको ऐतिहासिक सुरुवात र महत्व**

"हरियो डाँडा माथि हलो
जोत्ने साथी........" जनकवि केशरी धर्मराज थापाको यो मधुर आवाजले कहिले नेपालीको हृदयमा प्रेमको तरंग जगाउँथ्यो । उहाँका गीतहरूमा असारको मिठास, धानको खेतको सुगन्ध पाइन्छ । २०६१ सालमा तत्कालीन सरकारले असार १५ लाई राष्ट्रिय धान दिवसको रूपमा घोषणा गरेको थियो । उद्देश्य थियो स्पष्ट र सरल - धान उत्पादनलाई प्रोत्साहन दिने र किसानको सम्मान गर्ने ।

धान नेपालको मुख्य खाद्यान्न मात्र होइन, यो हाम्रो सभ्यताको आधार हो। यसको उत्पादनले देशको खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेल्छ। कृषि उत्पादन सम्बन्धी सर्वेक्षण अनुसार नेपालमा वार्षिक करिब ५५ लाख मेट्रिक टन धान उत्पादन हुन्छ। यो संख्या महत्वपूर्ण छ तर यसभन्दा पनि महत्वपूर्ण छ यो बालीले हाम्रो सांस्कृतिक पहिचान जोगाएको छ ।

धान नेपालको भौगोलिक विविधताको प्रतिबिम्ब पनि हो । तराईका फाँटहरूदेखि पहाडका भिरालो खेतहरूसम्म, हरेक ठाउँमा धानको रूप फरक छ । जेठो बाली, सुगन्धित चामल, कालो धान - यी सबै हाम्रो जैविक विविधताका खजाना हुन् । तर के हामीले यी सम्पदाहरूको सही मूल्याङ्कन गरिरहेका छौं ?

**हिजोका सुनौला रोपाइँका दिनहरू**

सरकारी घोषणा हुनुअघि नै असार १५ हाम्रो परम्परागत रोपाइँको दिन थियो । यो केवल एक मिति मात्र थिएन, यो उत्सव थियो, यो मिलन थियो, यो सहयोगको प्रतीक थियो । पुरानो समयमा यो साँच्चै किसानको उत्सव थियो जहाँ समुदायको हरेक व्यक्तिको सहभागिता हुन्थ्यो ।

बिहान सबेरैदेखि गाउँका मानिसहरू खेतमा जम्मा हुन्थे । धानको बिउ छर्दै "रोपाइँ गीत" गाउँथे। महिलाहरूले "हरियो वन हरियो वन" गाउँदै खुशीले काम गर्थे । ती गीतहरूमा प्रेमको माधुर्य, श्रमको गरिमा, प्रकृतिसँगको तादाम्यता रहेको पाइन्थ्यो । त्यो बेला असार १५ वास्तविकमा सहयोग र सामुदायिकताको प्रतीक थियो । "पर्म" भनिने पारस्परिक सहयोगको संस्कार यसै दिनबाट सुरु हुन्थ्यो । छिमेकीहरू एकअर्काको खेतमा सहयोग गर्थे । आज तिम्रो खेत, भोलि मेरो खेत - यो भावनाले सबैलाई एकै डोरीमा बाँध्थ्यो । युवाहरू मादल ढोलक बजाउँदै नाच्थे । तिनीहरूका पाइलाहरूमा उमङ्ग, जीवनशक्ति देखिन्थ्यो । साँझमा सबै मिलेर खाना खान्थे ।

ती भोजहरूमा छ भाइचाराको स्वाद, सामुदायिकताको मिठास भेटिन्थ्यो । खुशी र सन्तुष्टिले भरिएको हुन्थ्यो हरेकको अनुहार । यो मात्र काम गर्ने दिन थिएन, यो सम्बन्ध बनाउने, प्रेम बाँड्ने र एकअर्कालाई चिन्ने दिन थियो ।

त्यस बेलाका बुढापाकाहरूले भन्थे - "धान रोप्दा मन राम्रो बनाएर रोप्नुपर्छ, नत्र चामल तीतो हुन्छ।" यो केवल अन्धविश्वास थिएन, यो हाम्रो पूर्वजहरूको गहिरो दर्शन थियो जसले काम र मानसिकतालाई जोडेर हेर्थ्यो ।

**आजको दिनहरूको वास्तविकता**

तर आज असार १५ को नाम सुन्दा मानिसहरूको मनमा के आउँछ? राजनीतिक नेताहरूको भाषण, मञ्चको कार्यक्रम, र मिडियाको कभरेज। धानको खेतमा मन्त्री, सांसद, पार्टीका नेताहरू पुगेर कृत्रिम रूपमा धान रोप्ने नाटक गर्छन् । फोटो खिचाएर, भिडियो बनाएर फर्किन्छन् । यो तस्बिरहरू अर्को दिन अखबारको पहिलो पन्नामा आउँछन् तर वास्तविक किसानको घाम र पानीमा डुबेको त्यो हात कहीं देखिँदैन । यी नेताहरूले बोलेका भाषणहरूमा किसानको कुरा गर्छन् तर अर्को दिन ती भाषणहरू बिर्सिन्छन् । नीति निर्माणमा किसानको सहभागिता हुँदैन । बजेटमा कृषिको हिस्सा कम हुँदै जान्छ । यो विडम्बना होइन त के हो?

युवायुवतीहरूमा त अर्कै होडबाजी छ । उनीहरूका लागि असार १५ टिकटक, इन्स्टाग्राम, फेसबुक र अन्य सामाजिक मञ्चहरूमा कन्टेन्ट बनाउने अवसर मात्र बनेको छ। धान खेतमा पुगेर रिल, स्टोरी र शर्ट भिडियो बनाउँछन् । ट्रेन्डिङ ह्यासट्याग लगाएर पोस्ट गर्छन् । ३म्जबलम्ध्धबक, ३त्चबमष्तष्यलबल्भिउर्बा, ३च्ष्अभम्बथ जस्ता ट्यागहरू प्रयोग गरेर भाइरल हुने कोसिस गर्छन् ।

तर वास्तविक रोपाइँको काममा सहयोग गर्दैनन् । भिउज, लाइक, शेयर र कमेन्ट पाउने चाहना मात्र छ । धान दिवसलाई इन्फ्लुएन्सर बन्ने अवसरको रूपमा हेर्छन् । केहीले त धान खेतको कुनामा उभिएर फोटो खिचाउँछन् तर हातमा माटो लाग्न दिँदैनन् । यो कस्तो विडम्बना हो ?

सामाजिक सञ्जालमा धान दिवसको विकृति

आजकल सामाजिक सञ्जालमा असार १५ को दिन हजारौं पोस्टहरू आउँछन् । तिमध्ये अधिकांश केवल देखावटी छन् । कतिपयले त स्टुडियोमा बसेर नकली धान खेतको पृष्ठभूमिमा फोटो खिचाउँछन् । कतिले पुराना फोटोहरू रीसाइकल गरेर आफ्ना भनेर पोस्ट गर्छन् ।

इन्फ्लुएन्सरहरूले स्पन्सर्ड पोस्टहरू गर्छन् । धान दिवसको नाममा विभिन्न कम्पनीहरूले आफ्ना उत्पादनहरूको प्रचार गर्छन् । यो व्यापारीकरण हाम्रो संस्कृतिलाई कत्तिको हानि पुऱ्याइरहेको छ, हामीले सोच्नुपर्छ ।

युवाहरूले "धान रोप्दै" भन्दै पोस्ट गर्छन् तर तिनीहरूको हातमा माटो छैन, पाउमा हिलो छैन । यो केवल नक्कल हो, केवल देखावटीपन हो । साँचो धान रोप्ने किसानहरूको फोटो खिच्ने समय तिनीहरूसँग छैन किनभने तिनीहरू वास्तविक काममा व्यस्त छन् ।

**वास्तविक किसानहरूको अवस्था**

वास्तविक किसानहरू अझै पनि पुरानै तरिकाले धान रोपिरहेका छन्। तर उनीहरूको आवाज कहीं सुनिँदैन। मिडियामा केवल राजनीतिक नेताहरूको चर्चा र युवाहरूका भाइरल भिडियोहरूको कुरा मात्र हुन्छ। पुरानो परम्पराप्रति उदासीनता बढेको छ।

किसानहरूले सामना गर्नुपर्ने समस्याहरू अनगिन्ती छन्। मलखाद महंगो भएको छ, बीउ भेटिँदैन, पानीको अभाव छ, बजार नजिक छैन। तर यी समस्याहरूको चर्चा असार १५ को कार्यक्रमहरूमा हुँदैन। केवल भाषणहरू हुन्छन्, आश्वासनहरू दिइन्छन् तर कार्यान्वयन हुँदैन।

साना किसानहरूले बीमा गराउन पैसा छैन। प्राकृतिक प्रकोपले बाली नष्ट भए पनि क्षतिपूर्ति पाउँदैनन्। युवाहरू खेती छोडेर विदेश जान्छन्। यो कस्तो अवस्था हो ! एकातिर धान दिवसको उत्सव र अर्कातिर किसानको रुवाबासी।

**केही तथ्यहरू र आंकडाहरू**

नेपालमा धान उत्पादनमा संलग्न परिवारको संख्या करिब २० लाख छ। यो संख्या देशको जनसंख्याको एक महत्वपूर्ण भाग हो। तराईमा मुख्यतः धान खेती हुन्छ भने पहाड र हिमालमा पनि केही क्षेत्रमा धान उत्पादन गरिन्छ। कुल कृषि जग्गाको ५०% भन्दा बढी धान खेतीमा प्रयोग हुन्छ।

तर यी तथ्यहरूभन्दा राजनीतिक भाषणहरू बढी चर्चामा आउँछन्। मिडियाले पनि यी वास्तविक तथ्यहरूलाई उजागर गर्नुको सट्टा नेताहरूको फोटो सेसनलाई बढी प्राथमिकता दिन्छन् ।

नेपालमा प्रतिहेक्टर धानको औसत उत्पादन ३.५ मेट्रिक टन छ। यो संसारिक औसतभन्दा कम छ। यसको मतलब हाम्रो उत्पादकत्वमा सुधारको गुञ्जाइस छ। तर यसका लागि चाहिन्छ उन्नत प्रविधि, राम्रो बीउ र किसानलाई तालिम। यी कुराहरू धान दिवसको नारामा मात्र हुन्छन्, व्यवहारमा आउँदैनन्।

**राजनीतिक कार्यकर्तालाई खुशी पार्ने मेलो**

अस्ति भर्खर माननीय चन्द्र भण्डारीले संसदको रोस्टममा उभिएर कृषकहरूको विषयमा कुरा गर्दै भने - "अनुदान त अनुदान मात्रै हो, त्यो अनुदान त काठमाडौंमा घर भएका नौ जना मान्छेले मात्र पाउँछन्।" यो भनाइले झल्काउँछ कि हाम्रो कृषि नीतिमा कति ठूलो समस्या छ। त्यही भएर त आजकल कृषि पेशामा संलग्न किसानहरू अन्ततः विदेशिनु बाध्य भएका छन्। जुन हातले धान रोप्थ्यो, त्यही हात आज मलेसिया, कतार, दुबईमा कन्स्ट्रक्सनको काम गरिरहेको छ। यो कस्तो विडम्बना हो!

आजकल असार १५ राजनीतिक पार्टीहरूको प्रदर्शनको मञ्च बनेको छ। हरेक पार्टीले आफ्नो कार्यक्रम गर्छ। भाषणमा किसानको कुरा गर्छन् तर वास्तविकतामा आफ्नो पार्टी प्रचार मात्र गर्छन्। एक नेताले भन्छन् "कृषिमा क्रान्ति ल्याउनेछौं", अर्काले भन्छन् "किसानलाई आत्मनिर्भर बनाउनेछौं"। तर यी सबै केवल हावा-हवाईका कुराहरू छन्। कार्यकर्ताहरू यस्तो कार्यक्रममा भेला भएर खुशी हुन्छन्। उनीहरूका लागि यो चुनावी तयारीको अवसर हो। धान दिवसको मूल उद्देश्य भुलेर राजनीतिक स्वार्थलाई प्राथमिकता दिन्छन्। कार्यकर्ताहरू दाल र मासुमा मस्त भएर नाच्छन्, ताली बजाउँछन्। तर वास्तविक किसानको समस्याको कुरा गर्दैनन्।

**मिडियाको भूमिका**

मिडियाले पनि यस दिनलाई सामान्यीकरण गरेको छ। समाचारमा नेताहरूको फोटो आउँछ, तिनीहरूका भाषणहरू प्रसारण हुन्छन्। तर वास्तविक किसानको कथा, तिनीहरूको संघर्ष, तिनीहरूको सफलताका कथाहरू गायब छन्।

टेलिभिजनमा धान दिवसका कार्यक्रमहरू देखाइन्छन् तर ती अधिकांश राजनीतिक इभेन्टहरू हुन्छन्। वास्तविक धान खेतमा काम गरिरहेका किसानहरूको भिडियो खिच्ने पत्रकारहरू थोरै छन्। यो पत्रकारिताको दुर्भाग्य हो।

रेडियोमा पुराना असारे गीतहरू बजाइन्छन् तर तिनका शब्दहरूको अर्थ बुझाउने कार्यक्रम हुँदैनन्। अनलाइन पोर्टलहरूमा धान दिवसका सम्बन्धमा क्लिकबेट शीर्षकहरू लेखिन्छन् तर गहिरो विश्लेषण हुँदैन।

**शिक्षा जगतमा धान दिवसको अवस्था**

स्कूल कलेजहरूमा पनि असार १५ मा कार्यक्रम हुन्छन्। तर ती कार्यक्रमहरू पनि नाम मात्रका हुन्छन्। विद्यार्थीहरूलाई धान खेतीको वैज्ञानिक पक्ष सिकाउने कम, नाच गीतको कार्यक्रम बढी हुन्छन्।

केही स्कूलहरूले धान रोप्ने कार्यक्रम गर्छन् तर त्यो पनि केवल एक दिनको गतिविधि मात्र हुन्छ। बालबालिकाहरूलाई कृषिको महत्व, धानको प्रकार, वैज्ञानिक खेती पद्धति जस्ता कुराहरू सिकाउनुपर्ने ठाउँमा केवल फोटो खिचेर फेसबुकमा पोस्ट गर्ने काम मात्र हुन्छ।

विश्वविद्यालयहरूमा कृषि अनुसन्धान हुन्छ तर त्यो धान दिवससँग जोडिँदैन। यो अवसरलाई प्रयोग गरेर नयाँ अनुसन्धान, नयाँ प्रविधि प्रस्तुत गर्न सकिन्थ्यो तर हुँदैन।

कलाकारहरूको योगदान र समस्या

नारायण गोपाल, धर्मराज थापा, तारा देवी जस्ता कलाकारहरूले असारमा धेरै मधुर गीतहरू गाएका छन्। "असार महिनामा आउँदैछ काग", "हरियो वन हरियो वन" जस्ता गीतहरूले धान खेतीलाई कलाको माध्यमबाट जीवन्त बनाएको छ। तर आजका कलाकारहरूले यस परम्परालाई कायम राख्न सकेका छैनन्।

आजका कलाकारहरू पनि धान दिवसको नाममा कार्यक्रम गर्छन् तर ती कार्यक्रमहरू व्यावसायिक हुन्छन्। पुराना गीतहरूको रिमिक्स बनाएर युट्युबमा अपलोड गर्छन्। तर त्यसमा पुरानो मिठास हराउँछ।

समाधानका उपायहरू

यो समस्याको समाधान असम्भव छैन। पहिले हामीले धान दिवसको मूल उद्देश्यलाई बुझ्नुपर्छ। यो दिन केवल सरकारी छुट्टी वा राजनीतिक कार्यक्रमको लागि मात्र होइन। यो हाम्रो कृषि संस्कृतिको उत्सव हो। सरकारले वास्तविक नीति बनाउनुपर्छ। किसानहरूलाई सहुलियतमा मल, बीउ उपलब्ध गराउनुपर्छ। बीमाको व्यवस्था गर्नुपर्छ। बजारसम्म पुग्ने सडकको व्यवस्था गर्नुपर्छ। कोल्ड स्टोरेज बनाउनुपर्छ। मिडियाले वास्तविक किसानको कथा भन्नुपर्छ। सफल किसानहरूको उदाहरण प्रस्तुत गर्नुपर्छ। आधुनिक प्रविधिको प्रयोग गरेर कसरी धान उत्पादन बढाउन सकिन्छ भन्ने कुरा जनतालाई बताउनुपर्छ।

युवाहरूले सामाजिक सञ्जालको सदुपयोग गर्नुपर्छ। केवल दिखावटी पोस्ट नगरेर वास्तविक जानकारी साझा गर्नुपर्छ। कुनै सफल किसानको कथा सुनाउनुपर्छ। कुनै नयाँ प्रविधिको बारेमा जानकारी दिनुपर्छ।

शिक्षा जगतले पनि आफ्नो भूमिका खेल्नुपर्छ। विद्यार्थीहरूलाई प्रयोगात्मक रूपमा कृषि सिकाउनुपर्छ। स्कूलमा किचन गार्डेन बनाउनुपर्छ। कृषि विज्ञानलाई रोचक बनाउनुपर्छ।

**भविष्यको दिशा**

असार १५ केवल एक दिन मात्र होइन, यो हाम्रो कृषि नीतिको दिशा निर्धारण गर्ने दिन हुनुपर्छ। यो दिनमा भऱ्याङ्ग गरेर वर्षभरि बिर्सिने होइन, यो दिनदेखि वर्षभर कृषिको पक्षमा काम गर्ने संकल्प लिनुपर्छ।

हामीले आर्गानिक फार्मिङलाई प्रोत्साहन दिनुपर्छ। नेपालको जैविक खाद्यान्नले अन्तर्राष्ट्रिय बजारमा पनि ठाउँ पाउन सक्छ। यसका लागि गुणस्तर नियन्त्रण, प्रमाणीकरण र मार्केटिङको व्यवस्था गर्नुपर्छ।


कृषि पर्यटनको विकास गर्नुपर्छ। विदेशी पर्यटकहरूलाई धान रोप्ने अनुभव दिन सकिन्छ। यसले पर्यटन र कृषि दुवै क्षेत्रलाई फाइदा हुन्छ।

आधुनिक प्रविधिको प्रयोग गर्नुपर्छ। ड्रोनबाट बीउ छर्ने, ट्र्याक्टरबाट रोप्ने, मिसिनबाट काट्ने जस्ता प्रविधिहरूले श्रमको बचत गर्छ र उत्पादन बढाउँछ।

**निष्कर्ष**

असार १५ धान दिवसलाई फेरि आफ्नो मूल रूपमा फर्काउनुपर्छ। २०६१ सालमा यो दिन घोषणा गर्दाको उद्देश्य थियो धान उत्पादनलाई प्रोत्साहन दिने र किसानको सम्मान गर्ने। नारायण गोपाल र धर्मराज थापाका असारे गीतहरूको मधुरताले राजनीतिक कोलाहललाई मौनता दिनुपर्छ। धानको हरियाली जस्तै यो दिन लाई सबै मिलेर हरियाली बनाउँ स्वस्थ बनाउँ स्वस्थ खाउँ यही शुभकामना। प्रतिदिन दैनिक सम्पूर्ण टिमको तर्फबाट ।

# जबजको सार – सौन्दर्यविहीन तीन दशक



• प्रा.डा. बद्रीविशाल पोखरेल

जनताको बहुदलीय जनवादले तीन दशक पार गरिसकेको छ । यस लामो अन्तरालमा जबजमार्फत् मूलतः नेपाली कम्युनिस्ट र प्रजातान्त्रिक आन्दोलनमा प्राप्त उपलब्धि र प्राप्ति केलाउनु जरुरी हुन्छ । जतिबेला संसारबाट कम्युनिस्ट आन्दोलन धराशायी र धुलिसात् भएको थियो । त्यति नै बेला नेपालमा कम्युनिस्ट आन्दोलनको हँसिया हथौडा चिन्ह अङ्कित लाल झण्डा फहराएको थियो । तत्कालीन रुसमा समाजवाद ढलेपछि उपर्युक्त महासङ्कट विश्वव्यापी रुपमा सिर्जना भएको थियो । कम्युनिस्ट आन्दोलनमा आएको वैश्विक सङ्कट हटाउन जननेता मदन भण्डारी जबजमार्फत् लागिपरेका थिए । उनी यो संकट आउनुभन्दा पहिले नै मार्क्सवादको पुनः सृजनका सवालमा लामो समयदेखि गहन अध्ययनमा लागिपरेका थिए । यसैको परिणाम उनी पार्टीको महासचिव भएका थिए । मदनकै मार्गदर्शन र सहजीकरणमा संयुक्त बाम मोर्चा निर्माण गरी नेकासित समेत सहकार्य गर्दा ०४६ सालको आन्दोलन सफल भएको थियो । जबजका आलोकमा सार्वभौमसत्ता जनतामा निहित नेपालको संविधान २०४७ जारी हुन सकेको हो । उक्त संविधानलाई अझ लोकतान्त्रिक बनाउन मदनले २७ बुँदे सही खालका फरक मत राखेका थिए । ०४६ पछि प्रतिगामी दरवारिया शक्ति पुनर्जीवित हुनसक्ने खतरा थियो । त्यसैले प्राप्त उपलब्धिलाई जोगाउन र जगेर्ना गर्न नेकासित संक्रमण कालमा सहकार्य गर्ने प्रस्ताव गरिए पनि कार्यान्वयन हुन सकेन । तथापि पार्टीले अनेक क्षति सहेर भए पनि जबजका आलोकमा नेकासित न्यूनतम सबालमा एकताबद्ध हुने र गर्ने प्रयत्न गरिएको थियो ।

आसन्न र सम्भावित सङ्गीन संकट देखेर अहिले नेका र एमालेका बीच संयुक्त सरकार बनेको छ । देश चरम अस्थिरताको दलदलमा परेका बेला देशमा उथलपुथल ल्याएर असफल राष्ट्र बनाउन उद्यत अवस्था देखेर एमाले र नेकाको संयुक्त सरकार बन्न बाध्य भएको स्थिति हो । जे जस्ता भित्री र बाहिरी परिघटना भए पनि संकटका साथी र सारथीहरु मिल्छन् भन्ने कुरा विभिन्न उदाहरुबाट प्रमाणित हुन्छ । यी दुवै शक्तिले २०६२ ,०६३ को शान्तिपूर्ण सर्वाधिक ऐतिहासिक जनआन्दोलनमा देशमा जनधनको अपार क्षतिका साथ युद्धरत माओवादीलाई समेत साथमा लिए । यसले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित हुन गयो । उक्त आन्दोलन आपसी सहमतिमा स्थगन भए पनि माओवादी अध्यक्ष पुष्पकमल दाहालले आफ्नो पार्टी र कार्यकर्तालाई संघर्षरत रहन कडा निर्देश गरे तर पनि त्यसको सुनवाइ भएन । बहालवाला सेनापतिलाई बलात् हटाई देशभित्र इतर पक्षलाई दमन गर्दै चरम विग्रह ल्याउने जस्ता अनेक प्रपञ्च रचिए । २०६२-०६३ बाट प्राप्त उपलब्धि जोगाउन जबजको आलोकमा नेका सहित भएर काम भइरह्यो । प्रथम महिला राष्ट्रपति विद्या भण्डारीको संविधानको पालन र संरक्षणको भूमिका विशिष्ट रह्यो । संविधान अन्तर्गत रहेर नेपाल राष्ट्र,राष्ट्रियता र राष्ट्रिय स्वाधीनताका सबालमा निर्वाह गरेको भूमिका उदाहरणीय रह्यो र यसैले एमाले पार्टीले उनलाई गणतन्त्र गौरवका रुपमा उच्च सम्मान समेत गरेको थियो । नेपालमा संविधान २०७२ निर्माण र जारी नै गर्न नदिने, अमानवीय नाकाबन्दी लगाएर नेपाललाई चरम अस्थिरताको भुँवरीमा पार्ने दुष्प्रयत्नलाई नाकाम पार्न एमालेको भूमिका अब्बल रहेको छ । नौमहिने र ओली नेतृत्वको एकल सरकारका बेलाका कामहरु अविस्मरणीय रहेका छन् ।

तर जबज अनुसार पार्टीलाई गुणात्मक बनाउने दिशामा भने पर्याप्त कमजोरी देखिएका छन् । जननेता मदन भण्डारीको षडयन्त्रपूर्वक हत्या गरिएपछि यो पार्टी सैद्धान्तिक र सांगठनिक दृष्टिकोणले बरालिन थालेको थियो । संगठनिक दृष्टले पार्टीलाई लोकतान्त्रिकरण गर्ने विषयमा सुरुमा दुराग्रह राख्ने तर समय क्रममा त्यसैलाई अनुशरण गर्ने लगायत द्वैध चरित्र अपनाइयो । योग्य र योग्यतमलाई उचित जिम्मेवारी प्रदान गर्ने मदनको सोचलाई उतिबेला पनि बेवास्ता गरियो यो अवस्था अहिले पनि ज्युँका त्युँ देखिन्छ । जननेता मदन भण्डारीले पार्टीलाई प्रतिभाको फूलबारी बनाउन खोजेका थिए तर यो पार्टी काँडाघारीमा परिणत हुन थाल्यो । काम सऱ्यो भाँडो आफल तेरो ठाँडो गर्न थालियो । संयोगले के.पी. शर्मा ओली पार्टीको ९ औं महाधिवेशनमा अध्यक्ष भएपछि यो पार्टी मण्डलेकरण हुनबाट बच्यो । ओली नेतृत्वपछि यो पार्टी एकताबद्ध सशक्त र सुदृढ हुन थाल्यो । यस पार्टीलाई यसै पार्टीका उपल्ला तहका एकाध नेताले खरानी पार्न खोजे पनि तिनलाई पार्टीले उठ्नै नसक्ने थला पाऱ्यो । मात्रात्मक रुपमा राजकीय र राजनैतिक क्षेत्रमा निक्कै सकारात्मक भूमिका निर्वाह गरे पनि गुणात्मक दृष्टिकोणले एमाले पार्टी अहिले सार सौन्दर्यविहीन देखिन्छ ।

कुनै पनि वस्तु,विषय र क्षेत्रमा चुरो चाहिँ विशेष महत्वपूर्ण हुन्छ । यही चुरोका कारण सतिसाल सय वर्ष लडा,खडा र पडा रहनसक्छ वा जीवित रहन्छ । प्रगतिशील सरकार र सत्ताका लागि प्रगतिशील सांस्कृतिक चुरो अपरिहार्य हुन्छ । सामन्तवादी नायक हटे पनि उनको चरम अन्धविश्वासी धार्मिक सांस्कृतिक चुरो जीवित रहेको हुँदा लोकतान्त्रिक सरकारलाई ऐयाऐया र आच्छुआच्छु पारेको हो जननेता मदन भण्डारीले जबजमा सामाजिक कुरीति,अन्धविश्वास रुढीगत धारणाहरुलाई सामाजिक सांस्कृतिक सुधार आन्दोलन चलाई हटाउँदै लगिने छ भन्ने कुराको मर्म पार्टीले अझै बुझेकै छैन । मदनले भनेझै सामन्तवादी भूतप्रेतले बेलैदेखि नपन्छाउँदा यसले गणतन्त्रलाई तर्साउन खोजेको देखियो । जनताको जनवादी व्यवस्थाको सुदृढीकरण शीर्षकको तेस्रो उपचरणका चर्चाका क्रममा भण्डारीले सांस्कृतिक रुपान्तरण गर्ने विषयलाई शीर्ष महत्व दिएको देखिन्छ । यस दिशारित पार्टीले सिन्को पनि भाँचेको छैन । पार्टीमा प्रतिस्पर्धा र पहलकदमीबाट श्रेष्ठता हासिल गर्ने, आफैभित्र स्वस्थ्य प्रतिस्पर्धा गर्ने,योग्य र योग्यतम छानेर उपयुक्त जिम्मेवारी प्रदान गर्ने कुरा अहिले समाप्त प्रायः देखिन्छ ।

मार्क्सले परिवर्तित परिस्थितिमा पनि जोसुकै नेता, बुद्धिजीवी र स्रष्टाहरुका मन मस्तिष्कमा पुरानै शाषक र शासन सत्ताका विचार, चिन्तन, संस्कार र संस्कृति प्रभावी हुन्छ भनेका छन् । नभन्दै अहिले पनि एमाले उपल्ला तहका अत्यधिक नेताहरुमा सामन्तवादी संस्कार र संस्कृतिक कुरुप पक्ष सिरदेखि तीरसम्म प्रभावी देखिन्छ । म, मैले र मेरो मात्र भन्नु सामन्तवादी अहं र अहङ्कार हो । उपल्लै तहका नेताहरु नस, नाता र गोतालाई काखी च्याप्छन्, गणेश शैलीलाई काँधमा बोक्छन् । धन, दौलत, आय आर्जन तथा चरम अवसरवादमा लिप्त छन् । इटहरी उपमहा नगरपालिकाको हाल जुन अत्यन्त निराशाजनक, दयनीय र कुरुप दृश्य देखिन्छ । त्यसका पछाडि तत्कालीन एमाले जिल्लाको हात छ । आफ्नै वार्डमा पार्टी हार्छ तै पनि तिनै ठूला नेता मानिन्छन् । आफ्नै घर करासामा संस्कृत विश्व विद्यालयका उपकुलपतिलाई उदण्ड जत्थाले आक्रमण गर्दा मौन र मुकदर्शक बन्छन् । छरछिमेक र जनतासित एक थोपो मैत्रीभाव, मरमिजास र हिमचिम नै छैन । तैपनि तिनी ठूला गनिन्छन् । सुनियोजित रुपमा गोप्य तरिकाले षडयन्त्रपूर्वक आफ्ना नितान्त निजी गुट बनाउँछन् र ११ औं महाधिवेशनमा अध्यक्ष हुन गुप्तगु षडयन्त्र गर्छन् तर आम कार्यकर्ता समक्ष गुटको विरोध गरि टोपल्छन् । लुम्बिनीमा संसदीय दलको प्रमुखलाई एक वचन नसोधी आचार्य थरिलाई मुख्यमन्त्री बनाउँछन् । पार्टीको वरिष्ठ उपाध्यक्षलाई अपमानित गरेझैं गर्दै पार्टी कार्यक्रमका सन्दर्भ पारेर देश दौडाहा गर्छन्, गराइन्छन् । मदन भण्डारी फाउन्डेशनले पार्टीमा अभर परेका बेला कलात्मक हस्तक्षेप गरेको थियो । अहिले झन् फाउण्डेशन धेरै चनाखो हुनुपर्ने अवस्था देखिँदैछ ।

२०५० साल जेठ ३ गते जननेता मदन भण्डारीले पोखरामा पार्टी संगठन सञ्चालन बारे समसामयिक विचार प्रस्तुत गरेका थिए । उनले पाचौं महाधिवेशनका निर्णय अनुरुप क्रियाशील हुँदा मात्रै पार्टीको उत्थान र प्रगति हुने कुरा किटानी गरेका थिए । अध्यात्मवाद भौतिकवादबारे नितान्त तार्किक, शास्त्रीय खालको प्रशिक्षणमा मात्र भर नपरी नेता, कार्यकर्ता र संगठकलाई स्वास्थ्य,शिक्षा,कृषि,पशु जस्ता प्राविधिक तथा संस्कृति र सांस्कृतिक रुपान्तरणजस्ता विषयमा प्रशिक्षित गर्नु पर्ने सुझाव दिएको देखिन्छ । परम्परागत प्रशिक्षणलाई मदनले अहिलेको परिस्थितिमा खोटपूर्ण ठहर गरेका छन् । यस खालको विविध विषयका सामान्य ज्ञान भएका संगठकहरुबाट जनसमाज लाभान्वित हुन्थ्यो भन्ने मदनको दृढ मान्यता देखिन्छ । अहिले त महँगा होटेल र लजमा बस्ने अधिकांश नेतामा प्रविधिक ज्ञान सुको पनि छैन र जतिसुकै प्रशिक्षित भए पनि अधिकांश नेता मृत आत्माको चिर शान्तिको कामना गर्छन् । तिनलाई सापेक्ष,तुलना ,अंश र समग्र जस्ता मार्क्सवादी मूल्याङ्कन गर्ने कुरा थाहा नै छैन । अनि तिनका अन्तर मनमा सबै जोगी कानचिराले जरा गाडेको देखिन्छ । पार्टीमा कमरेड महाराजको जगजगी देखिन्छ । यिनीहरु यति थेत्तरा छन्, बातले सुध्रिने लक्षण देखिन्न । चामल पनि बेच्न नजान्ने र नसक्नेको पार्टीमा राइँदाइँ देखिन्छ । वर्तमान अर्थमन्त्रीले अहिले र आज नै गुप्तगु आर्थिक चरम भ्रष्टाचार गरिरहेको नेता योगेश भट्राईले खुलासा गरेका छन् । आफू मात्र इमान्दार हुँ र छु भनेर हुँदैन । इमान्दारिताको माहौल तयार गर्नुपर्छ ।

भण्डारीले नेता र कार्यकर्तालाई एउटा टुल्स र औजारजस्तो मात्र भएर अब पुग्दैन र साँच्चै नेताजस्तो भएर काम नगर्ने किसिमको प्रवृत्तिलाई तोड्नु पर्ने बताएका छन् । पार्टीमा ब्रतबन्धको सार नै नबुझी बिरालो बाँध्ने संकार गर्ने नाममा लाखौं खर्च गर्ने नेता कोशी प्रदेशमा छन् । ह्यापि वर्ड डे टु यु फु ग भन्दै बत्ती निभाएर र नेपालको नाम र नक्सा अङ्कित केक काटेर जन्मोत्सव मनाइन्छ । पार्टी कामको भुइँ अनुभव नै नभएकालाई केन्द्रीय बनाइन्छ । एमाले प्रवेश गरेको भोलिपल्ट नै दुवै हातमा लड्डु थमाइन्छ ।

एक मत बढाउनेभन्दा उल्टो घटाउनेलाई ठाडो आदेशमा प्रदेश सभासद बनाइन्छ । यी त देखिएका दृश्य हुन् । अनदेखमा भएका र खोजी गर्दा भेटिने विकृति मनग्गे हुनसक्छन् । . संसदीय भासमा भासिने हो भने केही भन्नु छैन तर जबज अनुसार देश र जनताको हितलाई सर्वोपरि राखेर काम गर्ने हो पार्टीको नेतृत्वमा जबजको जीन अपरिहार्य हुन्छ उचालेकोले मृग मार्दैन । प्रतिस्पर्धामा अब्बल हुने र देखिने चुरो तथा टावर पर्सन्यालिटीले मात्र यो पार्टी एकताबद्ध र सबल बन्न सक्छ ।

## धानको...

जनसमुदायको अधिकार संरक्षण नहुने भएकोले यस दिनलाई मनाइरहँदा किसानको अधिकार प्राप्त गर्ने संघर्षको रुपमा समेत यसलाई लिन अति आवश्यक छ ।

केवल मानवलाई मात्र खाद्य होइन ,चराचर जगतमा रहेका सम्पूर्ण प्राणीहरुको लागि खाद्य चाहिन्छ । खाद्यलाई संरक्षण सम्बर्द्धन प्रबर्द्धन गर्ने जिम्मा नै हाम्रो हो । अझ नेपालमा विभिन्न चाडपर्व, रीतिरिवाज, संस्कार तथा सामाजिक–सांस्कृतिक जीवनका विविध पक्षहरु प्रत्यक्ष गाँसिएको खाद्यबालीहरु मध्ये सवैभन्दा महत्वपूर्ण खाद्य बाली धानको संरक्षण गर्नु, बीउका विभिन्न प्रजातिहरुको विकास गर्नु र आफ्ना मान्यता अनुकुलको वातावरणमा खेती गर्नु आजको अर्को महत्वपूर्ण कार्यभार पनि हाम्रो हो । असार १५ मनाइरहँदा यी कुरामा ध्यान जान जरुरी छ ।

धान एउटा यस्तो अचम्मको वनस्पति हो जुन पानीको अत्यन्त अभाव हुने मरुभूमिदेखि पानीले डुवेका सिमसार र समुन्द्र सतहदेखि ३ हजार मिटर उचाइको हिमालयको काखसम्म यसको खेती गरिन्छ । धान नेपाल र दक्षिण एशिया मात्र नभई पुरै एसिया महादेशको प्रमुख खाद्यवाली हो । करीव संसारको कूल धान उत्पादनको ९१ प्रतिशत हिस्सा एसियामा मात्र उत्पादन हुने गर्छ । यसलाई अझै बढी विश्लेषण गरेर हेर्ने हो भने यस मध्येको ५५ प्रतिशत धानको उत्पादन चीन र भारतका किसानहरुले मात्र गर्दछन् । एसियाबाहेक क्युवा, अमेरिका, अफ्रिका र यूरोपका विभिन्न देशमा पनि धानखेती गरिन्छ । यो एसियाको मुख्य बाली हो ।

धानको उत्पति एसियाको हिन्दकुश हिमालय तथा चीनको नदी तटीय भागमा भएको र एसियामा खेती प्रणालीसँगै धान खेती भित्रेकोले एसियाली सभ्यता धानखेतीको सभ्यता पनि भनिन्छ । यसैका धान एसियामा स्थायी बसोबास, लिपी, संख्या, प्रथम शहरहरु तथा मानव समाजको नयाँ युगको प्रारम्भ भयो ।

सनातन हिन्दु धर्मको विकासक्रमका साथै नेपालको संस्कृति र सभ्यतामा धानको अत्यन्त महत्व छ । हाम्रो लागि धान केवल खाना वा उपभोग्य बस्तु मात्र नभएर यो संस्कृति, पहिचान र इतिहाससँग गाँसिएको विषय हो । वेद लेखिनुपूर्व धानखेती गरिएको वेदमा उल्लेख छ । साली, ब्रिहि, सुका, सिमी र चुद्रा धान्य गरी पाँच जातका धानबारे ऋगवेदमा उल्लेख छ ।

एसियाली जनताको प्रतिष्ठा कायम गर्न, धान हाम्रो जीवनसंग गाँसिएकोले, खाद्य संप्रभुता कायम गर्न, जन्मँदा, मृत्युमा मात्र नभई हरेक चाडपर्व र परम्परामा धानको आवश्यकता पर्छ । त्यसैले धान खाद्य वालीको रुपमा पोषणका लागि मात्र नभई यसको चौतर्फी महत्वका कारण धानको संरक्षण गर्न आवश्यक छ

नेपालमा ६ हजार बर्षदेखि खेती गरिएको धान केवल मानिसहरुको दैनिक उपभोग्य बस्तुको रुपमा मात्र नभएर जनताको जीवन एवं जीवीकोपार्जनको आधारका साथै पौराणिक तथा साँस्कृतिक महत्वसँग पनि सम्वन्धित रहेको छ ।

तसर्थ नेपाल लगायत एसियाकै किसानहरुले आफ्ना परम्परागत, पौराणिक तथा सांस्कृतिक महत्वको सम्बन्धसँग गाँसेर जीवनको अभिन्न हिस्साका रुपमा यसलाई अंगीकार गर्दै आइरहेका छन् ।

छैठी, न्वारान, पास्नी, छेवर, व्रतवन्ध, विवाह जस्ता संस्कारमा धान र चामलको अत्यधिक प्रयोग मात्र हुने होइन, धानविना पूरा नै हुँदैनन् । विभिन्न चाडपर्व, पूजा आजामा धान अत्यावश्यक रहन्छ । हाम्रो संस्कृति अनुसार मृत्यु र मृत्युपश्चात् पनि धानको महत्व छ ।

जीवनको सुरुवातसँगै जन्म संस्कारमा यो आवश्यक पर्छ । टीका, चन्दन यसबिना अपूर्ण छ । पास्नी वा भात खुवाउने परम्पराले यहाँका मानिसको पहिलो आहार भात मान्दछ । न्वारन गर्न, ब्रतबन्ध, विवाह लगायतका सवै संस्कार धान, चामल र भातसँग गाँसिएका छन् । धानखेती प्रतिष्ठा, सम्पति र शक्ति सँग जोडिएको छ । नेपालमा लामो समयदेखि धानखेत हुनेहरु माथिल्लो वर्गमा रहेका छन् । भात खानु ढिंडो र आटो खानुभन्दा प्रतिष्ठाको कुरा रहेको छ । हाम्रा चाडपर्व धान विना अधुरा छन् । दशैको टिका र जमराको साथै अतिथि सत्कारको भोजन धानविना सम्भव छैन । रोदी, रोपाइँ जात्रा, न्वागी/न्वाई, असार पन्ध्र धान–चामल विशेष पर्व नै हुन् । यी त यसको महिमा र हाम्रो जीवनसँग गाँसिएका केही उदाहरण मात्र हुन् ।

नेपालको कुल जमिनमध्ये ३५ प्रतिशतमा धान खेति गरिन्छ । देशको कुल गार्हस्थ उत्पादनमा धानको योगदान सवैभन्दा बढी छ । तर दुर्भाग्य हामी औसतमा लगभग ३० अरबको धान वा चामल प्रतिबर्ष आयात गरिरहेका छौं । नार्क र त्यहाँका धान विशेषज्ञका अनुसार नेपालमा धानखेतीका प्रमुख समस्याहरुमा विशेषज्ञको अभाव, तराईको भूराजनीति, मूल्य, भण्डारण र प्रशोधनमा समस्या, आकासेपानीमा भर पर्नुपर्ने बाध्यता, बीउ, मल र अन्य आपूर्तिको अभाव, युवाको विदेश पलायन, जग्गाको खण्डीकरण, परम्परागत खेतीको अभ्यास, अनुसन्धानको कमी, अनुसन्धान र विकासमा तादम्यता नहुनु, जलवायु परिवर्तन आदि पर्दछन् ।

नेपालमा मुख्यगरी धान असार र असार श्रावण महिनामा रोपिए पनि ठाउँअनुसार नेपालको धानखेतीलाई हामी चैते धान, बर्षे धान (असार श्रावणमा लगाइने), भदैया धान, पछिल्लो धान वा खरुहान, वोरो धान र हिमाली धान गरी भन्न सक्दछौं । हिमाली धान फाल्गुणतिर रोपिन्छ भने वोरो धान मंसिर पुषमा रोपिन्छ ।

नेपालमा लगभग २ हजार जातका धान पाइने गरेको तथ्याङ्क नार्कले बताएको पाइछ । तर, तीमध्ये सयौं प्रजाति हराइसकेका छन् र अन्य लोप हुने क्रममा छन् । नार्कको अनुवंश बचाउने ठाउँ जीन बैंकमा २०० जति जातका बंश सरक्षण गरिएको छ भने केही अन्तर्राष्ट्रिय धान अनुसन्धान संस्था इरीको बैंकमा पनि रहेका छन् । तर, यी सबै धानका जात हाम्रा हुन् भनी हामीले आफ्नो पेटेन्ट अधिकार प्राप्त गर्न सकेका छैनौं । नेपालमा प्रसिद्ध धानहरुमा पोखरेली जेठो बुढो, सुनौलो सुगन्ध, लल्का वास्मती, कालो नीमग, जुम्ली मार्सी, जरायल वास्मति, घैया, अनदी आदि हुन् ।

स्वादमा पोखरेली जेठोबुढो, सुनौलो सुगन्ध, लल्का कालो गुडो, कालोनमक, जरायल वास्मती, चनानचुर, तिल्की, पाम्ली हाम्रा अमुल्य स्वाद र बास्नायुक्त धान हुन् । अनदी र पात्ले धानको प्रयोग औषधीको रुपमा प्रसिद्ध छन् । अनदी र थापाचिनीया धान बाढीले नबगाउने तथा बढी पानीले नबिगार्ने र सिमसारमा पनि हुने मानिन्छन् । जुम्ली मार्सी विश्वको सबैभन्दा उच्च ठाउँमा गरिने धानखेती हो । मन्सरा, अन्गा, मुट्मुर, गुर्दी जस्ता धान कम पानीको टारी खेतमा पनि लगाउन सकिन्छ ।

नालतुम्मे जस्ता धानका जातलाई घाम कम भएको छायाँ पर्ने ठाउँ तप्केनीमा पनि रोप्न सकिन्छ । जुम्ली मार्सी, छोमरोङ्ग, हिमाली धान आदि हिमाली क्षेत्रमा हुने जातहरु हुन् । धानका जातहरु मायाप्रेमका समेत प्रतिक समेत बनेका छन् ।

धानखेती परम्परागतवाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण हुँदा नेपालमा जस्तै एसियाभर विभिन्न उत्पादनशील धानका प्रजातिको लोप हुँदै गैरहेका पाइन्छ । आधुनिक निगमिय खेतीले परम्परागत खेती प्रणाली र अनुवंशीय विविधताको द्रुत गतीमा क्षति गर्दै छ । यसले धान उत्पादनसँग जोडिएको सामाजिक सांस्कृतिक प्रणालीलाई कमजोर बनाउनुका साथै समुदायको अस्तित्व र धानखेतीको मौलिकता नाश हुँदैछ । हिजोका दिनमा आफ्ना मौलिक परम्परादेखि आएका मध्य पहाडी र तराइमा लाल धान , काटी धान गौरी धान , ठूलो मुसुली सानी मुसुली , टाइचन, आइरेट,कालो सेतो नुनिया , वासमती, ब्रेमफुल , नामका आदि नाम धानका मंसिरमा बल्याएर बीउ राख्ने ,बीउ जोगाउने चलन थियो। भूगोल अनुसार धान रोप्ने गरिन्थ्यो ।तर आज हाइब्रेडका नामका धानका बीउ बल्याएर राख्दा हुँदैन तसर्थ आधुनिककरण सगै धानका बीउ मासिदै छन् ।कुनै दिन नेपालमा यो स्थिति आउन सक्छ हामीसँग जमिन हुन सक्छ, तर बीउ नहुन सक्छ , बीउमा परनिर्भर यदि भएमा नेपालको स्वाधिनतामा नै आँच आउने देखिन्छ । नेपाल बीउविजन जोगाउन धान वाली र अन्य नगदे बालीका बीउ संरक्षण् गर्न लाग्न जरुरी छ । धानको किसानले जनसंख्या बृद्धि र धानको उत्पादनको बृद्धिलाई तुलना गर्ने हो भने यसले केहि समयपछि ठूलो अभाव सृजना गर्ने देखिन्छ । जहाँ धान मुख्य वालीको रुपमा छ त्यहाँकै जनसंख्या बृद्धि उच्च छ ।

नेपाली संस्कृतिमा भातको महत्व बढी छ । नेपालमा विशेषतः गरेर उच्च वर्गदेखि मध्यम वर्ग , सामान्य वर्गले भातलाई नै प्राथमिकता दिएको पाइन्छ । आज भोलि चाहिँ अन्य खाद्य प्रयोग भएता पनि प्राथमिकतामा भात नै छ ।

अन्त्यमा, नेपाल मात्र नभई एसियामै धान दिवस, असार १५ तथा नीधिको रुपमा रहेको धानको महत्व अपार छ । तर असार १५ मनाइरहँदा पनि यदि हामीले गम्भीर भएर यी विषयमा नसोची मात्र औपचारिकतामा रमायौं खेतमा रोप्ने धानको बीउ खलामा लगाएर दुलाहा दुलै झै रङ्गिएर विकृति नफैलाउऔं आफै शर्मिन्दा हुने र एक दिने तामझाम गरियो भने यसले हामीलाई गलत दिशामा लग्ने छ । धान दिवसले धान बचाऔं किसान वर्गको गारिमा बढाऔं धान उत्पादन वृद्धि,खाद्य सुरक्षा आत्मनिर्भर सम्बृद्धि भन्ने यस वर्षको नारालाई सफल पारौ , केवल नारामा सीमित नहोस् । किसान दाजुभाइ दिदीबहिनी हरुमा उप्रेरणा जगाऔं ।खाली जमिन , बाझो जमिन नराखौं, कृषिमा आधुनिकीकरण गरौ , पढालेखा युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षित गर्ने गुरुयोजना बनुन् । कृषि अभियानलाई बलियो बनाउनुका साथै किसान अधिकार सुनिश्चित गर्ने तथा मल, बीउ लगायतका किसानका तात्कालिक समस्या समाधान गर्दै खाद्य सम्प्रभुता प्राप्त गर्ने र कृषिको रुपान्तरण गर्ने लगायतका पक्षमा ध्यान आकृष्ट गर्न सफल रहोस् । असार १५, एवं धान दिवसको हार्दिक शुभकामना । जय धान दिवस ! जय किसान ! जय मौलिक पर्व १५ असार ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।